'इन्द्रसरोवरका किसानहरुलाई सामाग्री । पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१५, अंक-४६ ● २०८० जेठ १५ गते सोमबार, ● 29 May, 2023, ● नेपाल सम्वत्-११४३, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## थाहानगरका १ सय १ वटा कुकुरको स्थायी बन्ध्याकरण



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाले नगरभित्र रहेका १ सय १ वटा कुकुरहरूको स्थायी बन्ध्याकरण शिविरको आयोजना गरेको छ । सामुदायिक कुकुरहरूलाई लक्षित गरी आयोजना गरिएको शिविर १० र ११ जेठमा संचालन भएको थियो ।

पालिका क्षेत्रमा छाडा कुकुरको संख्या बढेको र किसानको बाली नाली तथा पशुवस्तुलाई समेत क्षति पुऱ्याउन थालेपछि शिविर नै सञ्चालन गरेर बन्ध्याकरण गरिएको थाहा नगरपालिकाका पशु शाखा प्रमुख राघवेन्द्र मिश्रले जानकारी दिए । नगरपालिकाले भेटेरीनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्र हेटौंडाको आयोजना र फोर केयर फर एनिमल ललितपुरको प्राविधिक सहयोगमा शिविर सञ्चालन गरेको नगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीले जानकारी दिए । सामुदायिक कुकुरको संख्यामा कमी ल्याउन र रेबिजको प्रकोप न्यूनीकरण गर्नका लागि समेत बन्ध्याकरणले सहयोग पुग्ने थाहा नगरपालिकाका उपप्रमुख भरत गोपालीको प्रतिक्रिया रहेको थियो । शिविरका लागि सहयोग गर्ने सबै निकायलाई गोपालीले धन्यवाद दिए । उनले नगरको हितमा हुने कार्यक्रमहरूमा सरकारी तथा गैर सरकारी निकायहरूबीचको सहकार्यलाई निरन्तरता दिने उल्लेख गरे । पालिका क्षेत्रका नागरिकहरूको मागलाई समेत सम्बोधन गरी कुकुर बन्ध्याकरण शिविर को आयोजना भएको थाहा नगरपालिकाका पशु प्राविधिक रूपेश कुमार मिश्रले बताए ।

शिविरमा टोल-टोलमा पुगेर कुकुर लाई नियन्त्रणमा लिई शिविरस्थलमा ल्याई बन्ध्याकरण र उपचार गरिएको थियो । बनध्याकरण गरिएका कुकुरहरूलाई बन्ध्याकरण गरी नियन्त्रणमा लिएकै स्थानमा लगेर छोडिएको छ ।

## पालिकाबाटै श्रम स्वीकृति सेवा शुरू

◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिकाले पहिलो पटक वैदेशिक रोजगारीमा जान चाहनेहरूलाई श्रम स्वीकृति दिन थालेको छ ।

वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिले यसअघि श्रम स्वीकृति लिन वैदेशिक रोजगार विभाग जानुपर्ने बाध्यता थियो । अब उपमहानगरपालिकाबाटै सेवा पाइने भएपछि सहज भएको हेटौंडा उपमहानगरपालिका रोजगार संयोजक बिजन श्रेष्ठले बताए । श्रम स्वीकृतिका लागि वैशाख १ गतेबाट अनलाइन प्रणालीको सुरूआत भएसँगै यो सेवा स्थानीय तहले नै दिन पाउने व्यवस्था भएकाले उपमहानगरपालिकाले काम सुरू गरेको उनले जानकारी दिए ।

श्रम स्वीकृति लिने व्यक्तिले राहदानी, एकप्रति पासपोर्ट साइजको फोटो, पारिवारिक विवरण, बैंक खाता, व्यक्तिगत इमेल आइडी, सम्पर्क नम्बर, रोजगारदाताले दिएको सम्झौतापत्र, राहदानीको प्रतिलिपिसहित नगरपालिकाको रोजगार सेवा केन्द्रमार्फत अनलाइन आवेदन दिन सकिने रोजगार संयोजक श्रेष्ठले बताए बताए ।

## थाहानगरका १ सय १२ घरको छाना फेर्न अनुदान

◆ विकास संवाददाता

सुरक्षित आवास समन्वय समिति मकवानपुरको बैठकले जिल्लाका ३ सय ८६ घरको खरको छानो हटाएर जस्तापाता लगाउन अनुदानका लागि सिफारिस गर्ने निर्णय भएको छ । मकवानपुर क्षेत्र नम्बर २ का सांसद महोश कुमार बर्तौलाको अध्यक्षतामा १३ जेठमा बसेको बैठकले हेटौंडा उपमहानगरपालिका, थाहा नगरपालिका, राक्सिराङ गाउँपालिका र कैलाश गाउँपालिका भित्रका ति परिवार को घरको छाना जस्तापाता लगाउन अनुदानका लागि सिफारिस गर्ने निर्णय भएको हो ।

सरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ को अनुसूची १ बमोजिमको प्राप्ताङ्कको आधारमा लाभग्राही छनोट हुने व्यवस्था रहेको छ । सघन शहरी तथा भवन निर्माण आयोजनामा मकवानपुरका स्थानीइ तहले

> छनोट हुनेमा वडा नम्बर १, ३, ४, ९, १० र १२ का रहेका छन् ।

पठाएको लाभग्राहीको कागजातसहितको सिफारिसका आधारमा १३ जेठको बैठकले छनोट गरेको हो । यसरी छनोट हुनेमा थाहानगरको ११२ परिवार ररहेका छन् । छनोट भएका लाभग्राही वडा नम्बर १, ३, ४, ९, १० र १२ का रहेका छन् । त्यसैगरी १३ जेठकै बैठकमा बैठकमा हेटौंडा उपमहानगरको ५९ परिवार, राक्सिराङको ११५ र कैलाश गाउँपालिकाको १०० परिवार रहेका छन् ।

बैठकले तोकिएका पालिकाका लाभग्राहीसंग सम्झौता गरि कार्यान्वयन गर्ने निर्णय गरेको छ । बैठकले सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन पहिलो संसोधन अनुसार र्निधारण गरिएका प्रत्येक घरधुरीलाई ७५ हजार का दरले रकम उपलब्ध गराउने निर्णय गरेको हो । बैठकमा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, हेटौंडा उपमहानगरपालिकाकी नगर प्रमुख मिना कुमारी लामा, राक्सिराङ गाउँपालिकाका अध्यक्ष राजकुमार मल्ल, कैलाश गाउँपालिकाका अध्यक्ष लोक बहादुर मुक्तान, बकैयाँ गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछाने लगायतकाको सहभागिता रहेको थियो ।

### पालुङ्गढीको संरक्षणका लागि

## जुट्यो पालुङ जेसिज




विकास संवाददाता
थाहानगर

थाहा नगरपालिकामा क्रियाशिल पालुङ जेसीजले थाहानगरमा रहेका ऐतिहासिक पुरातात्विक सम्पदा पालुङ गढीको संरक्षणका लागि जुटेको छ । ९ जेठमा पालुङ जेसीजले थाहा नगरपालिका वडा नंम्बर २ र ३ को सिमानामा रहेको आकासदेवी डाँडामा रहेको ऐतिहाँसिक र पुरातात्विक महत्व बोकेको गढीको संरक्षण, प्रवर्द्धन र विकासका लागि थाहा नगरपालिकाका उपप्रमुख भरत गोपाली, थाहा २ का वडा अध्यक्ष बम बहादुर सिन्तान, वडा सदस्यहरू, स्थानीय नागरिकहरू बीच अन्तरक्रिया सहित स्थान परिचय कार्यक्रमको आयोजना गरेको छ ।

कार्यक्रममा थाहानगरका उपप्रमुख भरत गोपालीले प्राचीन र पुरातात्विक महत्वका सम्पदाहरू दिनप्रतिदिन लोप हुँदै गएकोमा संरक्षणमा ध्यान दिन सबैसंग आग्रह गरेका थिए । थाहा नगरको ऐतिहासिक धरोहरलाई संरक्षण गर्नु स्थानीय तहको पहिलो दायित्व गोपालीको भनाइ थियो । थाहालाई चिनाउन यहाँको पुरातात्विक सम्पदाहरूको संरक्षण जरूरी रहेको उनले सम्पदा संरक्षणमा पालुङ जेसिजले देखाएको चासोप्रती खुशी व्यक्त गरे ।

कार्यक्रममा २ नम्बर वडा अध्यक्ष बम बहादुर सिन्तान, वडा सदस्य युवराज विष्ट, स्थानीय अगुवा गोविन्द कार्की, पालुङ जेसिजका पुर्व अध्यक्ष सानोभाइ कार्कीलगायतकाले सम्पदा संरक्षणमा थाहानगरको नेतृत्वहरू र स्थानीय दुवैले चासो लिनुपर्ने धारणा

> 'हाम्रो सम्पदा परिदृष्य र पुरातन संस्कृतिको प्रवर्द्धन' भन्ने नाराकासाथ पालुङ जेसीजले कार्यक्रम संचालन गरेको हो ।

व्यक्त गरेका थिए । परापूर्व कालमा पालुङ राज्यको दरबार संरक्षणका लागि उक्त डाँडामा गढी रहेको र नेपाल एकीकरणका क्रममा पृथ्वीनारायण शाहले पालुङ राज्यमाथि आक्रमण गरी उक्त पालुङ गढी र पालुङ दरवारलाई ध्वस्त बनाएको किम्बदन्ती रहेको छ ।

*'हाम्रो सम्पदा परिदृष्य र पुरातन संस्कृतिको प्रवर्द्धन'* भन्ने नाराकासाथ थाहा नगरपालिका वडा नंम्बर २ को आकासदेवी डाँडामा रहेको गढीलाई संरक्षण तथा प्रवर्द्धन गर्न उक्त स्थानमै जनप्रतिनिधि सहित स्थानीयसँग अन्तक्रिया तथा स्थान परिचय कार्यक्रम गरिएको पालुङ जेसीज वर्ष २०२३ का कोषाध्यक्ष माधव कार्कीले बताए । थाहानगर भित्र रहेको ऐतिहासिक तथा पुरातात्विक स्थानको पहिचान गरि त्यसको संरक्षण गर्दै थाहा नगरको पर्यटन प्रवर्द्धनमा सहयोग गर्ने र आफ्नो स्थानमा लुकेर रहेका ऐतिहासिक स्थानको बारेमा प्रचारप्रसार गर्नको लागि कार्यक्रमको आयोजना गरिएको पालुङ जेसीज बर्ष २०२३ का अध्यक्ष संगम कार्कीले बताए ।

कार्यक्रममा पालुङ जेसीजका पूर्व अध्यक्षहरू, बर्ष २०२३ का कार्यसमिति पदाधिकारी, पत्रकार, लगायत स्थानीयहरूको उपस्थिति रहेको थियो ।



# • सम्पादकीय •

## जलवायु परिवर्तनको चिन्ता

प्रकृतिबिना मानिस र अन्य जीवजन्तु तथा वनस्पतिको समेत कल्पना गर्न सकिन्न । तर आज बितेका ५०० वर्षयताको अवधिमा विकासका नाममा निरन्तर प्रकृतिलाई दोहन गर्दै आएको छ । त्यसैको स्वाभाविक परिणाम पृथ्वीको तापक्रममा १.५ डिग्री बृद्धि भएको छ । त्यसले आजको विश्वलाई जलवायु परिवर्तनको दिशामा धकेलेको छ । पृथ्वीमा यो समस्या खडा गर्ने औद्योगिक मुलुकहरु छन् । विश्वमा जलवायु परिवर्तनले ल्याउने समस्याका विषयमा विश्वव्यापीरुपमा चिन्तन र विमर्शहरु भइरहन्छन् तर यो समस्या सिर्जना गराउन सहयोग पुऱ्याउने औद्योगिक र सम्पन्न मुलुकहरु उचितरुपमा गम्भीर देखिदैनन् । यो अन्तर्राष्ट्रिय चिन्ताको विषय हो । अमेरिकामा विश्वको कूल जनसंख्याको ४ प्रतिशत मात्र जनताको बसोवास छ । तर अमेरिकाले मात्र विश्वमा उत्पादन हुने हरितगृह ग्याँस २५ प्रतिशत उत्पादन गर्दछ । त्यसपछि चीन, भारत, पाकिस्तानलगायत युरोपियन मुलुकहरु पर्दछन् । विश्वमा नेपाल जस्ता धेरै मुलुकहरु छन् । ती मुलुकहरुले एक प्रतिशत पनि हरितगृह ग्याँस उत्पादन गर्दैनन् तर ठूला शक्तिशाली सम्पन्न र औद्योगिक मुलुकहरुले अत्यधिक हरितगृह ग्याँस उत्पादन गरेको कारण अनाहकमा जलवायु परिवर्तनले पैदा गराएको समस्याको सजायका रुपमा सामना गर्नु परिरहेको छ ।

जलवायु परिवर्तनका कारण ऋतु परिवर्तनमा असन्तुलन पैदा भएको छ । बेमौसममा वर्षा, मुसलधारे वर्षा, खडेरी, बाढी, पहिरो आदिका संकेतहरु देखिनु, साउनमा खडेरी, असोजमा लगातारको झरी तथा वसन्तको गर्जन नसुनिनु, खण्डवृष्टि र अतिवृष्टि जलवायु परिवर्तनका ताजा संकेतहरु हुन् । सन् १९९७ मा विश्वका धनी, सम्पन्न र औद्योगिक मुलुकहरुले विश्वव्यापी रुपमा डरलाग्दो समस्याका रुपमा देखापरेको प्रदूषणलाई रोक्ने क्योटो सम्झौता गरेका थिए । जस अनुसार अमेरिकाले सात प्रतिशत, जापानले छ प्रतिशत, युरोपेली संघले आठ प्रतिशत हरितगृह ग्याँस घटाउने सम्झौता गरेका थिए तर सो सम्झौता कार्यान्वयन भएन । सो सम्झौतामा स्पेन र पोर्चुगलले पनि हस्ताक्षर गरेका थिए । विश्वमा पैदा भएको जलवायु परिवर्तनले प्रकृति र वातावरणलाई प्रभाव पार्दा विश्वको आर्थिक र सामाजिक क्षेत्रमा पनि नराम्रो असर परिरहेको छ । जलवायु परिवर्तनले पार्ने असरलाई न्यूनीकरण गर्ने प्रविधि अत्यन्त महंगो हुनाले त्यसबाट अर्थतन्त्रलाई नै धक्का पुग्दै आएको छ । चीनले कृत्रिम सूर्य र कृत्रिम वर्षातको प्रविधिको विकास गरेको छ । त्यसबाट अस्थायी लाभ प्राप्त भए तापनि धेरै खर्चिलो छ । जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी प्यानल (आइपिसिसि) ले बताए अनुसार जलवायु परिवर्तनको असरका कारणले सन् २००० देखि सन् २०१९ सम्म प्रतिवर्ष औषत आँकडामा प्रतिवर्ष ६५० खर्ब अमेरिकी डलर बराबरको पूँजी खर्च भइरहेको छ ।

संयुक्त राष्ट्र संघको वातावरणीय विभागले विश्वका सबै मुलुकहरुलाई पर्यावरण संरक्षणका निमित्त आवधिक संरचनात्मक कार्यक्रमसहित आह्वाान गर्नु पर्दछ । सबै देशका सरकार, संस्था र व्यक्तिहरुले नवीकरणीय ऊर्जातिरको संरक्षणमा ध्यान पुऱ्याउन आवश्यक छ । वन जंगल र सीमसार संरक्षणको लागि विश्वव्यापीरुपमा अभियानहरु सञ्चालनका निमित्त लाग्ने आर्थिक खर्च औद्योगिक मुलुकहरुले व्यवस्थापन गर्न जरुरी छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |


# सङ्कटमा सालक



◆ रामकुमार एलन

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनअनुसार संरक्षित साना स्तनधारी जनावरमा सूचीकृत छ सालक । सालक मात्र एउटा यस्तो जनावर हो, बागमती प्रदेशका १३ जिल्लामै पाइन्छ । हिमाली भेगको रसुवादेखि भित्री मधेसको मकवानपुरसम्म र दोलखादेखि धादिङसम्म सालक पाइन्छ । सालकलाई बागमतीको 'गौरव जनावर' घोषणाको अभियान चलाउन सके संकटमा रहेको सालक संरक्षण हुन सक्ने र वातावरण संरक्षणसँगै किसानलाई अरू लाभ पुग्ने वन संरक्षणकर्मीहरूको भनाइ छ ।

गैँडा, बाघ चितवनमा मात्र पाइन्छ । दुर्लभ 'रेड पान्डा' रसुवा र केही हिमाली जिल्लाका भेगमा मात्र पाइन्छ तर सालक बागमतीका सबै जिल्लामा पाइन्छ । सालक एक प्रकृतिप्रेमी प्राणी पनि हो । सालक वातावरणमैत्री जनावर हुनाका नाताले किसानको साथी त हुँदै हो, मानव समुदाय, अन्नबाली, अन्य घरपालुवा जनावर कसैलाई हानि नगर्ने र धमिरा तथा कमिला मात्र आहारा बनाउने सालक संरक्षण अभियान चलाउन जरूरी छ ।

बागमती प्रदेशको वन मन्त्रालयले प्रदेशका सबै जिल्लामा सालक संरक्षणलाई केही रकम विनियोजन गर्न थालेको छ र सालक संरक्षण अभियान पनि सुरू हुँदैछ । सालक संरक्षण अभियान चलाउने समय भइसकेकामा वनकर्मी, संरक्षणकर्मीहरू पनि सहमत देखिएका छन् । यसलाई अति लजालु, संवेदनशील एवम् शान्त वातावरणमा बस्न रूचाउने, मानवलाई हानि नगर्ने र इकोसिस्टमलाई चुस्त बनाउने जीव मानिन्छ । प्रदेश सरकारले 'गौरवको जनावर' घोषणा गर्न सके कम्तीमा एउटा संरक्षित जनावर प्रदेश सरकारले अपनत्व लिइदिँदा देशभर संरक्षण क्षेत्रमा सकारात्मक सन्देश प्रवाह हुने र सालक संरक्षण अभियानले गति लिन सक्ने देखिन्छ ।

पहिलोपटक देख्नेले सानो न्याउरी मुसा जस्तो पनि मान्न सक्छन् । स्तनधारी जीव सालकको शरीरमा बाक्लो र कडा कत्ला (खबटा) हुन्छ । उसो त यो सानो डाइनोसोर जस्तो पनि देखिन्छ । सालकको पेट, थुतुनो र खुट्टाका भित्री भागबाहेक शरीरको सम्पूर्ण भाग कडा खपटाले ढाकेको हुन्छ । सालक पुच्छरको सहायताबाट रूखको हाँगामा झुन्डिन सक्छ । सालकको दाँत हुँदैन, जिब्रो ६० देखि ७० सेन्टिमिटरसम्म फैलिनसक्ने क्षमताको हुन्छ । रङ्ग माटोजस्तै देखिन्छ । आहाराको खोजीमा रातिमात्र निस्कने सालक कतैबाट आक्रमण वा खतरा महसुस गरे पनि नभागी बस्छ । यस्तो बेला भकुन्डो आकारमा थुतुनो केन्द्रमा पारेर डल्लो परेर बस्छ । खतरा महसुस नभए डल्लो परेको सालक आफ्नो ज्यान साबिकको आकारमा ल्याउँछ र गन्तव्यमा हिँड्छ ।

संसारमा आठ प्रकारका सालक पाइने गरेको अनुसन्धानले देखाएका छन् । नेपालमा भने दुई प्रकारका सालकमात्र पाइन्छन् । नेपालमा कालो खबटा भएको 'चिनियाँ प्याङ्गोलियन' र फुस्रो खबटा भएको 'भारतीय प्याङ्गोलियन' अस्तित्वमा छन् । चिनियाँ प्याङ्गोलियन चाहिँ विश्वमै अति संकटापन्न सूचीको प्राणी हो । नेपालमा अस्तित्वमा रहेको स्तनधारीमध्ये एउटै मात्र अन्तरराष्ट्रियरूपमै अति संकटापन्न वन्यजन्तु सालक हो ।

सालक नेपालका सामुदायिक वनभित्र भेटिने गरेका छन् । जमिनमुनि रहने सालक आफैँ खन्दै हिँडिरहन्छ । सालकलाई घमाइलो वातावरण चाहिन्छ । जुका नलाग्ने ठाउँमा बासस्थान बनाउँछ । समुद्रबाट करिब दुई हजार मिटरसम्मको उचाइको जङ्गलमा सालक पाइने गरेको छ । साना स्तनधारी प्राणी संरक्षण तथा अनुसन्धान केन्द्रका अनुसार नेपालका ४३ जिल्लामा सालक पाइन्छ । चिनियाँ प्याङ्गोलियन भक्तपुर, बागलुङ, चितवन, धादिङ, धनकुटालगायत २३ जिल्लामा पाइन्छ । इन्डियन प्याङ्गोलियन कञ्चनपुर, बारा, पर्सा, सुर्खेतलगायत सात जिल्ला पाइन्छ । डडेल्धुरा, सल्यान,

गैँडा, बाघ चितवनमा मात्र पाइन्छ । दुर्लभ "रेड पान्डा" रसुवा र केही हिमाली जिल्लाका भेगमा मात्र पाइन्छ तर सालक बागमतीका सबै जिल्लामा पाइन्छ । सालक एक प्रकृतिप्रेमी प्राणी पनि हो । सालक वातावरणमैत्री जनावर हुनाका नाताले किसानको साथी त हुँदै हो, मानव समुदाय, अन्नबाली, अन्य घरपालुवा जनावर कसैलाई हानि नगर्ने र धमिरा तथा कमिला मात्र आहारा बनाउने सालक संरक्षण अभियान चलाउन जरुरी छ ।

म्याग्दी, कास्की, नुवाकोट, सिरहा, मोरङलगायत १४ जिल्लामा दुवै प्रजातिका सालक पाइएको छ ।

चीन र भियतनाममा औषधि बनाउन र मासु उत्पादनका लागि सालकको माग बढी छ । त्यहाँका धेरैजसो रेस्टुरेन्टमा सालकको मासु घरानियाँ र प्रतिष्ठित परिवारको परिकारमा गनिन्छ । सालकको खबटा बुलेट-प्रूफ ज्याकेट तथा गुणस्तरीय टाँक बनाउन प्रयोग हुने गरेको छ । महँगा सौन्दर्यका सामग्री बनाउन पनि खबटा प्रयोगमा आउँछ । त्यसलै सालकको तस्करी बढेको हो । नेपालमा भने सालकको मासु खाए दीर्घरोग निको हुने विश्वास छ । सालकको मासु खाए सुत्केरीको साल छिटो झर्छ भन्ने अन्धविश्वास छ । तर सालक महँगोमा बिक्री हुन्छ भनेर चर्चा गरिएको छ र यसको मारकाट र तस्करी बढेको हुन सक्छ । चोरी र अवैध सिकारले सालक नोक्सान भइरहँदा संरक्षण अभियान चलाउनु जरूरी ठानिएको हो । हरेक दिन तीन सय सालक मारिने अनुमान गरिएको छ ।

एउटा सालकको खबटा बेच्दा कम्तीमा रू. पाँच हजार सजिलै पाइने भएकाले वन क्षेत्र आसपासमा बस्नेबाटै सालक मारिने क्रम बढ्दो छ । बागमती प्रदेशको काभ्रे, सिन्धुपाल्चोक, सिन्धुली, मकवानपुर, दोलखामा चाहिँ सालक मार्ने क्रम बढ्दो छ । मारिएका केही सालक चिनियाँ नाका तातोपानीसम्म पुऱ्याएर तस्करी भइरहेको पाइएको छ । बेलाबखत प्रहरीले सालकसहित केहीलाई पक्राउ पनि गरेको पाइएको छ । खासमा चीनमा सालकको माग बढेसँगै त्यहाँ सालक मार्ने क्रम बढ्दो रहेको पाइएको छ । त्यसैको सिको गरेर काभ्रेमा पनि सालक मार्ने क्रम बढेको पाइएको हो ।

सालकले खेतीबाली र उत्पादनमा नोक्सान गर्ने जीवलाई मात्रै आहारा बनाउँछ । वयस्क सालकले एक दिनमा दुई लाख ३० हजार र वर्षमा सात करोडसम्म कमिला र धमिरा खान सक्ने अनुसन्धानले देखाएको छ । सालकले खाइदिएकाले नै किरा र कमिला नियन्त्रण भएर बालीनाली फस्टाउन सकेको हो । जमिन खोस्रेर उर्वरा बनाउने काम पनि सालक नै गर्छ । त्यसैले सालक किसानको साथी हो, शत्रु होइन भन्ने धारणाको विकास गराउन जरूरी छ ।

सालक तस्करीमा संलग्नलाई नेपालमा कारबाही गर्ने कानुन छ । सालक मार्ने र व्यापार गर्नेलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०७३ अनुसार रू. पाँच लाखदेखि १० लाखसम्म जरिवाना व्यवस्था छ । यस्तै, पाँच देखि १५ वर्षसम्म कैद वा दुवै सजाय हुन सक्ने व्यवस्था छ । दुर्लभ वन्यजन्तु तथा वनस्पतिको अन्तरराष्ट्रिय व्यापार महासन्धि (साइटिस) २०१७ अनुसार रू. १० लाखसम्म जरिवाना र १५ वर्षसम्म जेल सजाय वा दुवै हुनसक्नेछ । विश्वभर सालकको तस्करी बढेपछि साइटिस अभिसन्धिले अतिसंकटापन्न वन्यजन्तुको अनुसूची २ बाट १ मा राखेको छ ।

संसारमै संकट खेपिरहेको सालक संरक्षणका लागि केही प्रयास नभएका होइनन् । सालकका प्रजाति संरक्षण, जनचेतनाका लागि हरेक अङ्ग्रेजी महिना फ्रेबुअरीको तेस्रो शनिबार हामी 'सालक दिवस' मनाउने गर्दछौँ । फागुनको पहिलो साता यो दिवस पर्दछ । दिवस मनाउने क्रममा सालक संरक्षणबारे बहस, छलफल हुने गरेका छन् ।

यद्यपि यसलाई जनसहभागितात्मक बनाउन सकिएको छैन । सामुदायिक वन समूहसँग छलफल गरेर यसलाई अघि बढाउन जरूरी देखिएको छ । सालकको महत्व पहिचान, संरक्षणमा केही प्रयास पनि भएका छन् । बागमती प्रदेशको राजधानी हेटौँडामा आयोजना गरिएको 'दोस्रो बागमती प्रदेशस्तरीय खेलकुद प्रतियोगिता'मा बनेको मस्कटमा सालक समेटिएको छ । सालक संरक्षणका लागि मूलतः दुईवटा कार्य हुनुपर्ने बताउनुभयो । एउटा, बागमती प्रदेशले प्रदेश गौरव जनावरमा सालकलाई तोक्न सकिन्छ भने प्रदेश सरकारको नीति तथा कार्यक्रममै सालक संरक्षण अभियानलाई बजेट छुट्याएर १३ जिल्लाका सामुदायिक वन तहसम्म संरक्षण अभियान सञ्चालन गर्न सकिन्छ । *-राससबाट साभार*

*(वीरगञ्जबाट प्रकाशित मधेसदृष्टि दैनिकका सम्पादक एलन प्राणीशास्त्रमा पनि अभिरुचि राख्नुहुन्छ)*

# लुतो किन आउँछ ?



छाला चिलाउने एक प्रकारको रोग हो लुतो । सार्कोपटेस स्काबी नामक कीटाणुको संक्रमणले हुने लुतो सबै उमेर समूहका मानिसलाई हुन सक्ने सरुवा रोग हो ।

लुतो सरसफाइमा उचित ध्यान नदिंदा आउने गर्छ । समय-समयमा ननुहाउने, समूहमा गुम्सिएर बस्ने, लुतो लागेको व्यक्तिको सम्पर्कमा रहनेहरूलाई यो रोग लाग्ने सम्भावना बढी हुन्छ । बच्चालाई लुतो भएमा आमालाई पनि सर्छ ।

## लुतोका लक्षण

लुतो आउनेबित्तिकै यसले लक्षण देखाउँदैन । तीन-चार हप्तापछि शरीरका विभिन्न अंगको छाला चिलाउने हुन्छ । जस्तै, औंलाको काप, तल्लो पेट, नाइटोको वरिपरि, तिघ्रामा धेरै चिलाउँछ । त्यस्तै पुरुषलाई अण्डकोष र महिलालाई स्तनमा चिलाउने, बच्चाहरूलाई अनुहार, हत्केला र खुट्टामा चिलाउने र ठूल्ठूला फोकाफोका आउने गर्छ । वृद्धहरूलाई ढाडमा मसिनो दाना मात्र पनि आउने गर्छ । मुख्यतया साँझपख अत्यधिक चिलाउने गर्छ । त्यस्तै शरीर को विभिन्न भागमा स-साना रात राता बिबिरा पानीका फोका फोका देखापर्छ ।

त्यस्तै नचिलाउने लुतो पनि हुन्छ । यो कुष्ठरोग, प्यारालाइसिस, एचआईभी एड्स, नसासम्बन्धी रोग भएका, हातखुट्टा भाँच्चिएर लामो समय बेडरेस्ट रहेका तथा रोगप्रतिरोधात्मक क्षमता कम भएका व्यक्तिलाई लाग्ने गर्छ । जसलाई क्रस्टेड लुतो भनिन्छ ।

यसमा लुतोमा जस्तै स-साना बिबिरा आउने हुन्छ तर नचिलाउने हुन्छ । चिलाए पनि एकदम कम चिलाउने हुन्छ । यसमा शरीरको हरेक अंगमा बाक्लो बाक्लो कत्ला आउने, हात तथा नङमा बाक्लो जिरा परेको हुन्छ । यो छालारोग विशेषज्ञलाई जाँच गराएर मात्र थाहा पाउन सकिन्छ ।

## लुतोका जटिलता

छालामा समस्या हुने, चिलाएर घाउ हुने, पाक्ने, दाग बस्ने हुन सक्छ । लामो समयसम्म लुतो रहिरहेमा मिर्गौलामा समेत समस्या आउन सक्छ । अण्डकोषमा ठूल्ठूलो डल्लो बस्ने पनि जोखिम हुन्छ ।

## निको हुन्छ कि हुँदैन ?

लुतो पूर्ण रूपमा निको हुने रोग हो । लुतो पूर्ण रूपमा निको हुन सामान्यतया करिब तीनदेखि चार हप्ता लाग्छ । पानीको फोका कम भए पनि चिलाउने समस्या भने अलि लामोसम्म हुन सक्छ ।

## उपचार

लुतो पहिलो उपचार नै सरसफाइ हो । लुतो लागिसकेपछि सरसफाइमा अत्यन्त ध्यान दिनुपर्छ । जसले गर्दा लुतो अरूलाई नसरोस् । अर्को लुतोको धेरै औषधि बजारमा पाइन्छ खाने र लगाउने दुवै । लगाउने औषधि राति सुत्ने बेलामा लगाएर सुत्ने र भोलि बिहान राम्रोसँग नुहाउने र लगाएर लुगा सबै धोएर मात्र लगाउने गर्नुपर्छ । छालारोग विशेषज्ञको सल्लाह अनुरूप औषधिको प्रयोग गर्नुपर्छ । अत्यधिक चिलाएमा नचिलाउने औषधिको सेवन गर्न सकिन्छ । त्यस्तै घरमा एक जना सदस्यलाई लुतो लागेको छ भने घरका सबै सदस्यले उपचार गर्नुपर्ने हुन्छ । नभए यो रोग सर्ने सम्भावना बढी हुन्छ ।

## लुतो लाग्नै नदिन के गर्ने ?

सरसफाइमा ध्यान दिने, लुतो लागेको व्यक्तिको सही उपचार गर्ने, लुतो लागेको व्यक्तिसँग टाढा रहने, लुतो लागेको व्यक्तिको लुगा नलगाउने, सँगै एउटै पलङमा नसुत्ने, यदि प्रत्यक्ष सम्पर्क भएमा लुगा फेरिहाल्ने र अन्य सामान र राम्रोसँग धोएर मात्र प्रयोग गर्नुपर्छ । यदि घरको सदस्यलाई लुतो भएमा परिवारका सबै सदस्यले उपचार गर्नुपर्छ ।

# निमोनिया भएको कसरी थाहा पाउने ?



छाती वा फोक्सोमा संक्रमण बढ्दा निमोनिया हुन्छ । निमोनिया भएपछि खोकी, ज्वरो र सास फेर्न गाह्रो हुने संकेत देखिन्छ । यो रोग जुनसुकै उमेरका मानिसलाई लाग्ने भए पनि नवजात शिशु र साना बालबालिकामा यो गम्भीर हुन सक्छ ।

बालबालिकाले आफ्नो समस्या खुलेर बताउन नसक्ने भएकाले निमोनियाको लक्षण अभिभावकहरूले ख्याल गर्नुपर्छ । बच्चामा निमोनिया भएको छ र समयमा उपचार भएन भने समस्या जटिल बन्न सक्छ । त्यसैले बालबालिकालाई निमोनिया भएको कसरी थाहा पाउने ? उनीहरूलाई निमोनियाबाट कसरी बचाउनेलगायत विषयमा कान्ति बाल अस्पतालका छाती तथा एलर्जीरोग विशेषज्ञ डा. जगतजीवन घिमिरेसुझावको अंश :

## बालबालिकामा निमोनिया हुने कारण के के हुन् ?

जन्मिंदा आवश्यक खोप नपाएका बालबालिकालाई निमोनिया हुने सम्भावना बढी हुन्छ । साथै बालबालिकामा निमोनियाका धेरैजसो केसहरू ब्याक्टेरिया वा भाइरल संक्रमणका कारण हुने गर्छ ।

बच्चा र वृद्धवृद्धाको रोगप्रतिरोधात्मक क्षमता कमजोर हुन्छ, त्यसैले पनि निमोनियाको समस्या हुन्छ । बाहिरि तथा भित्री वायु प्रदूषण भएको ठाउँमा बच्चा लामो समय बस्छन् भने त्यसले पनि निमोनिया हुन्छ ।

बच्चाको श्वासनलीमा अवरोध भएमा जन्मजात दोष भएमा निमोनिया हुन सक्छ । लामो समयदेखि रूघा लागिरहने बच्चामा पनि निमोनियाको समस्या देखिन सक्छ ।

## निमोनिया लाग्दा के कस्तो लक्षण देखा पर्छ ?

बच्चालाई उच्च ज्वरो आएको छ भने यो निमोनियाको लक्षण हुन सक्छ । छातीमा घरघर हुनु वा सास फेर्न गाह्रो हुनु पनि निमोनियाको लक्षण हो ।

छिटो छिटो सास फेर्ने र खोकी लाग्ने, कोखा हान्ने, बच्चा लोसे हुँदै जान र होस कम हुँदै जानेजस्ता लक्षण पनि देखिन्छ । नङ वा ओठको नीलो रंग पनि निमोनियाको लक्षण हुन सक्छ ।

## निमोनियाकै कारण जटिलताहरु पनि निम्तिन सक्छन् ?

निमोनियाको उपचार समयमै गरिएन भने श्वासप्रश्वाससम्बन्धी जटिलता र अन्य अंगमा पनि जटिलता निम्तिन सक्छ । श्वासप्रश्वास समस्या हुने, शरीरमा अक्सिजनमा कम हुने, फोक्सोमा समस्या देखा पर्ने हुन्छ ।

निमोनियाको कारण शरीरमा अक्सिजनको कमी भएपछि मुटु, मस्तिष्कलगायत अंगहरूमा पनि असर गर्छ । निमोनियाको संक्रमण 'सेप्सिस' फोक्सोबाट शरीरभरि फैलियो भने मिर्गौला र मस्तिष्कमा समस्या देखिन थाल्छ ।

फोक्सोमा पानी र पिप जम्मा हुने लगायत जटिलता पनि निम्तिन सक्छ ।

## के छ उपचार ?

निमोनियाको उपचार समयमै गरियो भने यसबाट हुन सक्ने जटिलताबाट बच्न सकिन्छ । कुनै बच्चामा श्वासप्रश्वासको समस्या छ भने सबैभन्दा पहिले त्यो निमोनियाको संक्रमण हो कि अन्य संक्रमण हो भनेर पत्ता लगाउनुपर्छ । निमोनिया नै हो भन्ने पत्ता लागेपछि एन्टिबायोटिक औषधि खाएर यसको उपचार गरिन्छ । भाइरल निमोनियामा एन्टिबायोटिकले काम नगर्न पनि सक्छ । मानौं इन्फ्लुएन्जाको कारण निमोनिया भएको छ भने इन्फ्लुएन्जाको एन्टिभाइरल चलाउनुपर्‍यो । समयमा उपचार गरियो भने यो छिटो निको पनि हुन्छ ।

## बच्चालाई निमोनियाबाट बचाउने उपाय के छ ?

नवजात शिशुलाई निमोनियाबाट जोगाउन बीसीजी, डीपीटीलगायत खोप दिनुपर्छ । बच्चालाई रूघा लागेको व्यक्ति र चिसोबाट पनि बचाउनुपर्छ ।

सकेसम्म धुवाँधुलो तथा प्रदूषणबाट बच्चालाई टाढा राख्नुपर्छ । जन्मेको ६ महिनासम्म आमाको दूध मात्र खुवाउनुपर्छ । यसले बच्चाको रोगसँग लड्ने क्षमतालाई बलियो बनाएर निमोनियाबाट पनि बचाउँछ ।

बच्चा जन्मको पहिलो तीन महिनामा रोगसँग लड्ने क्षमता कम हुन्छ । धेरैजसो खोप बच्चा जन्मेको तीन महिनापछि मात्र सुरू गरिने भएकोले सकेसम्म बच्चालाई धेरै मानिसको प्रत्यक्ष सम्पर्कमा नराख्ने, भीडभाडमा नलैजानु राम्रो हुन्छ ।

बच्चाको खानपान र पोषणमा ध्यान दिनुपर्छ । जसले गर्दा उसको रोगप्रतिरोधात्मक क्षमता बढ्छ र संक्रमणबाट बच्न सक्छ । कुनै लक्षण देखियो भने जटिलताबाट बचाउन तुरुन्त अस्पताल गएर चिकित्सकको सल्लाह लिनुपर्छ ।






# थाहामा साहित्य संगमको “पर्यटन साहित्य उत्सव”




◆ विकास संवाददाता

मकवानपुरको पर्यटकीय गन्तव्य थाहा नगरमा साहित्य संगम मकवानपुरको आयोजना, पर्यटन उद्योग तथा सहकारी मन्त्रालय, थाहा नगरपालिका र पालुङ साहित्य परिषद्को सहकार्यमा पर्यटन साहित्य उत्सव, २०८० आयोजना भएको छ ।

उत्सवमा काठमाडौँ, मकवानपुर र देशका विभिन्न जिल्लाका साहित्यकार हरूको सहभागिता रहेको थियो । थाहा नगरपालिकाको पालङ्मा रहेको विकास घरमा आयोजना गरिएको उत्सवमा साहित्यका विभिन्न पाटाहरूमा बहस, अर्न्तक्रिया र रचना वाचन भएका थिए । साहित्य संगम मकवानपुरको एकसय ३१ औँ साहित्य सन्ध्याको अवसरमा 'पर्यटनका लागि साहित्य' भन्ने मुल नाराका साथ उत्सवको आयोजना गरिएको थियो । उत्सवमा शुक्रबार गजल महफिलको आयोजना गरिएको थियो । गजलकार बाबु त्रिपाठीले सहजीकरण गरेको महफिलमा धर्मराज स्याङ्तान, इन्दिरा अधिकारी, विद्या निर्दोष पहाडी, विनिता महत, श्रीराम अधिकारी, भरतप्रमोद दाहाल, सुवास सजल लगाएका गजलकारहरूले सभाहललाई गुञ्जयमान बनाएका थिए । महफिलमा ३५ जना साहित्यकारहरूको उपस्थिति रहेको थियो ।

त्यसैगरी दोस्रो दिन १३ जेठमा नियमति साहित्य सन्ध्या, कार्यपत्र प्रस्तुती, बहस तथा कविता वाचन कार्यक्रम भएका थिए । मकवानपुरमा पर्यटन साहित्यः सम्भावना र चुनौती विषयक कार्यपत्र निमेष निखिलले प्रस्तुत गरेका थिए भने कार्यपत्रमाथि टिप्पणी साहित्यकार सुवास खनालले गरेका थिए । उक्त कार्यपत्र माथि सहभागी साहित्यकाहरूले आ–आफ्नो धारणा व्यक्त गरेका थिए ।

कार्यक्रमको दोस्रो सेसनमा 'साहित्यसँगै पर्यटनः आन्तरिक पर्यटनको प्रदीपन' भन्ने शीर्षकमा बहस गरिएको थियो । जसका वक्ताहरूमा रूपमा थाहा नगरपालिकाका उपमेयर भरत गोपाली, भाषा, संस्कृति अध्येता ओम रिजाल, तथा साहित्यकार माया मानवीले पर्यटन प्रवर्द्धन गर्नका लागि आआफ्ना सल्लाह सुझाव र चुनौतीमाथि धारणा व्यक्त गरेका थिए ।

कार्यक्रममा वक्ताहरूले पर्यटनलाई साहित्यसँगै जोडेर लैजाने हो भने पर्यटन क्षेत्रको प्रचार र विकासमा अझ मद्दत पुग्ने बताएका थिए । उनिहरूले स्थानीय सरकारले साहित्यलाई अनुत्पादक क्षेत्रको रूपमा राख्ने गरेको उल्लेख गर्दै पर्यटनमार्फत् भाषा, संस्कृति र पर्यटन क्षेत्रलाई महत्वपूर्ण टेवा पुग्ने बताए । संगमका कोषाध्यक्ष मनोज पोखरेलले सहजीकरण गरेको उक्त बहस कार्यक्रममा साहित्यकार देवराज खरेलको अभिभावकत्व रहेको थियो ।

उत्सवमा पर्यावरणसँग सम्वन्धित कविता वाचन कार्यक्रम आयोजना गरिएको थियो । पर्यावरण कविता वाचन सेसनमा भावना सापकोटा, पुण्यशिला श्रेष्ठ, रजनी पौडेल, ज्योत्सना श्रेष्ठ, सुदीप गिरी, प्रज्वल अधिकारी, सुरज पराजुली, नवराज बर्तौला, बाबु त्रिपाठी, प्रकाश समिर, राम बर्तौला, रसिक राज, श्यामकुमार बानियाँ, देवराज तिवारी, विशाल अधिकारी संप्रश पौडेल, मसान उपासक, अञ्जय प्रधान, यस लामा, चिरञ्जीवी लामिछाने, वैकुठ लामिछानेलगायताका वाचन गरेका थिए । महाकाव्यकार नवराज लम्सालको अभिभावकत्व रहेको सो कार्यक्रमको सहजीकरण संगमका उपाध्यक्ष सानु खनालले गरेका थिए ।

उत्सव साहित्य सङ्गम मकवानपुरका अध्यक्ष अनिता न्यौपानेको अध्यक्षता तथा थाहा नगरपालिकाका नगर प्रमुख विष्णु विष्टको प्रमुख आतिथ्यतामा भएको थियो । कार्यक्रममा प्रमुख अतिथि विष्टले देशको संघीय राजधानीसँग जोडिएर पनि मकवानपुर पर्यटन क्षेत्रको ओझेलमा परिरहेको बताए । मकवानपुर को थाहा नगरपालिकालाई पर्यटकीय क्षेत्रको हब बनाउने गरी थाहा नगरपालिकाकाले काम गरिरहेको उनले बताए । विश्वका अग्ला शिखर देखि कलासस्कृति, मानव सभ्यता, भौतिक निर्माण, विभिन्न प्रजातीका फलफूल, जडिबुटी, चिसो हावापानी र सुन्दर भौगोलिक बनावट र प्राकृतिक सुन्दरका लागि दामन धनी रहेको नगरप्रमुख विष्टले बताए ।

चैत्र वैशाखमा लालिगुराँसले ढकमक्क हुने यो ठाउँमा यतिबेला आन्तरिक पर्यटनको घुँईचो लाग्न थालेको छ । तर यहाँबाट वाह भनेर गएकाहरू किन फेरि फर्केर बसोबासको लागि या अन्य कर्म गर्नका लागि यहाँ आउँदैनन् यो चाहि चिन्ताको विषय भएको विष्टले उल्लेख गरे । एकपटक आएकाहरूलाई फेरि आउने वातावरण बनाउन थाहा नगर पालिकाले अध्ययन गरेर काम गरिरहेको उनले बताए ।

त्यसैगरी थाहा नगरपालिकाका उपप्रमुख भरत गोपालीले साहित्यमा लगानी गरेर पर्यटन भित्र्याउन साहित्यिक संघसंस्था र साहित्यकारको सहयोग आवश्यक रहेको बताए । उनले साहित्यमार्फत् पनि पर्यटन क्षेत्रको प्रचार प्रसार र विकास सम्भव छ भन्ने बल्ल बुझ्दै गएको उल्लेख गरे । उपप्रमुख गोपालीले साहित्यसँग मन मुटुजोडिएको र आगामी दिनमा साहित्यलाई अझ माथि उठाउन विभिन्न कार्यक्रमहरूको आयोजना गरिने प्रतिवद्धता व्यक्त गरे ।

उत्सवमा साहित्य सङ्गम मकवानपुरका पूर्वअध्यक्षहरू निमेष निखिल, श्यामकुमार बानियाँ, सुवास खनाल, पालुङ साहित्य परिषद्का अध्यक्ष विर्खे अञ्जान, भीम विराग साहित्य कला प्रतिष्ठान, आँचल साहित्य कला पुञ्ज, सिस्नुपानी नेपाल मकवानपुर, नेपाली लेखक संघ, गजल मञ्च मकवानपुर लगायत मकवानपुर जिल्लाका विभिन्न साहित्यिक संघसस्था तथा साहित्यकारको उपस्थिति रहेका थियो ।

## थाहाको १० नम्बर वडामा किसानहरुलाई गड्यौला मल बनाउने तालिम




◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिका वडा नम्बर १० मा गड्यौला मल सम्बन्धी सीपमुलक तालिम सम्पन्न भएको छ । १० नम्बर वडाको टौखेलमा संचालन भएको दुईदिने तालिममा स्थानीय कृषक, वडा कार्यालयका प्राविधिक, जनप्रतिनीधिहरूको समेत सहभागिता रहेको थियो ।

वल्ड एक्सपेन्डेशन तथा वल्ड एक्सपेन्डेशन फाउण्डेशनको आर्थिक सहयोगमा भएको तालिमको आयोजना टि–हेल्पले गरेको थियो । कार्यक्रमको संयोजन व्यवस्थापन भने वडा कार्यालयले गरेको कृषि प्राविधिक कमला सुवेदीले जानकारी दिइन् । तालिममा थाहा नगरपालिकाको ९ र १० नम्बर वडाका किसानहरूको सभागिता रहेको थियो ।

सहभागीहरूलाई डा. आनन्द शोभा ताम्राकार, मदन भण्डारी विश्वविधालयको तर्फबाट भूषण श्रेष्ठ, अनुपमा श्रेष्ठ, टि–हेल्पबाट हेमा श्रेष्ठले सहजीकरण गरेका थिए । तालिममा किसानहरूले गड्यौलाबाट प्राङ्गारिक मल बनाउने विधि समेत प्रयोगात्मक अभ्यास गराइएको थियो । सीप सिकेपछि किसानहरू खुशी भएका छन् । उनीहरूले सिकेको सिपलाई व्यवहारमा उतार्ने प्रतिवद्धता जनाएका छन् ।


कार्यक्रममा वडा नम्बर १० का वडाध्यक्ष हिरा बहादुर गमाललगायतकाको विशेष उपस्थिती रहेको थियो ।

## थाहानगरका २ सय गाईवस्तुलाई लम्पी स्किन विरूद्धको खोप लगाइयो

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाको बज्रवाराहीमा पछिल्लो समयमा जिल्लामा फैलिइरहेको पशुवस्तुमा लाग्ने 'लम्पी स्किन' रोग विरूद्धको खोप लगाइएको छ ।

थाहा नगरपालिका पशु विकास शाखाबाट खटिएका प्राविधिकहरूले ९ जेठमा किसानहरूले पालेको गाईवस्तुमा घरघरमै पुगेर खोप लगाएको पशु विकास शाखाले जनाएको छ । प्राविधिकहरूले ९ जेठमा मात्र १ सय ७१ गाई र २९ वटा बाच्छाबाच्छीलाई खोप लगाइएको हो ।



मकवानपुरमा 'लम्पी स्किन' रोग फैलिएसंगै थाहा नगरपालिकाले रोग विरूद्धको खोप अभियान संचालन गरेको हो ।

## थाहानगरका सुर्य १८ पोका गाँजा सहित पक्राउ

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिका वडा नम्बर २ फेदिगाउँबाट प्रहरी गाँजा सहित एक जनालाई पक्राउ गरेको छ । स्थानीय ५५ को सुर्य तामाङको घरमा लुकाइ राखेको १८ पोका गाँजा बरामद गरिएको हो ।

गाँजा सहित तामाङलाई प्रहरीले पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता टेक बहादुर कार्कीले बताए । ाजाँ लुकाई छिपाई राखेको छ भन्ने गोप्य सुचनाको आधारमा इलाका प्रहरी कार्यालय पालुङबाट प्रहरी निरि क्षक ओत्सेतुङ गुरूङको कमाण्डमा ७ जनाको टोली खटी गई घर खानतलासी गर्दा १८ वटा साना पोकाहरू गाँजाको धुलो फेलापारेको प्रहरीले जनाएको छ ।

## स्वास्थ्य इकाइको भवन उद्घाटन

◆ विकास संवाददाता

मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाको सानुमाखुमा सामुदायिक स्वास्थ्य इकाइको भवन उद्घाटन गरिएको छ । वडा नम्बर १ को सानुमाखुमा रहेको इकाइको ९ जेठमा गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनी तथा उमा कुमारी लामाले संयुक्त रूपमा उद्घाटन गरेका हुन् ।

इन्द्रसरोवर गाउँपालिका वडा नम्बर १ का वडाध्यक्ष सुबास थापामगरको अध्यक्षतामा भएको कार्यक्रममा निवर्तमान गाउँपलिका अध्यक्ष जीवन लामा, प्रमुख प्रशासकीय अधिकृत प्रलाद कार्की, निवर्तमान वडा अध्यक्ष जमानसि वाइवालगायतकाकाको आतिथ्यता रहेको थियो ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५५/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# गड्यौला मल उत्पादन सम्बन्धी तालिम सकियो, किसान र विद्यार्थी उत्साहित

◆ विकास संवाददाता



मकवानपुरका थाहा नगरपालिका वडा नम्बर को जनकल्याण माध्यमिक विद्यालयले विद्यार्थी र स्थानीय किसानलाई गड्यौला मल उत्पादन र प्रयोग सम्बन्धि तालिम गरेको छ। किसानलाई अर्गानिक खेतीतर्फ आकर्षित गर्न जैविक मल बनाउन दिएको ४ दिने कार्यशाला गोष्ठी ८ जेठमा सकिएको हो ।

किसानले खेती गर्ने समयमा मल खरिद गनर्समेत नपाएर समस्या व्यहोर्नु परेकाले अवस्थामा थाहानगर कृषि विकास शाखाको आर्थिक सहयोगमा तालिम भएको हो । विद्यालयले जैविक मल गड्यौला मल उत्पादन गरी खेतीमा उत्पादन बढाउन प्रोत्साहन गर्ने उद्देश्यले तालिमको आयोजना गरेको विद्यालयका अध्यक्ष राजिव कुमार स्याङ्तानले बताए। अहिले गाउँघरमा नै उत्पादन भएका शुद्ध कृषि उपज पाउन मुस्किल भइरहेको अवस्थामा स्वस्थ जीवन बाँच्न आवश्यक अर्गानिक कृषि उत्पादनमा जोड दिन यस्ता तालिमको आवश्यकता रहेको प्रशिक्षक डाक्टर उत्तम खनालले बताए ।

कृषि बिषय समेत अध्यापन हुने विद्यालयका विद्यार्थी, कृषि समुहका सदस्यहरू, नगरमा कार्यरत कृषि प्राविधिकहरू समेत गरी ६० जनाको सहभागिता रहेको तालिममा सैद्धान्तिक तथा प्रयोगात्मक रूपमा गड्यौलाको मल उत्पादन गर्ने विधि सिकाइएको थियो। समापन कार्यक्रममा सहभागीको तर्फबाट कृषि प्राविधिक रोहिणी स्याङ्तानले आफुले तालिमबाट सिकेको सिपलाइ नगरको कृषि क्षेत्रको विकासमा प्रयोग गर्ने प्रतिबद्धता व्यक्त गरिन ।

कार्यक्रममा अर्का सहभागी कृषिका विद्यार्थी प्रतीक रायमाझीले तालिममा सहभागी भएपछि अर्ग्यानिक खेती गर्न उत्साह मिलेको प्रतिक्रिया दिए। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजिव कुमार स्याङ्तानको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रधानाध्यापक सानोभाइ कार्की, नगर थाहा नगरपालिकाका कृषि स्नातक परियोजनाका विकास वि.क., कृषि प्राविधिक राजकुमार श्रेष्ठ, प्रशिक्षक शंकर गिरी, प्रशिक्षक डाक्टर उत्तम खनाल, विद्यालयका सहायक प्रधानाध्यापक कृष्ण बहादुर बिष्टलगायत शिक्षक तथा विद्यार्थीहरूको उपस्थिती रहेको थियो ।

# थाहाको घर्तिखोलामा ३ दिने व्यावसायिक गाईभैंसीपालन तालिम



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर ३ को घर्तिखोलामा ३ दिने व्यावसायिक गाईभैंसी पालन सम्बन्धि तालिम ८ जेठबाट सुरू भएको छ। थाहा नगरपालिका पशु विकास शाखाको आयोजनामा सुरू भएको तालिमको ३ नम्बर वडाध्यक्ष वडा अध्यक्ष हिरेन्द्र कुमार रायमाझीले उद्घाटन गरेका थिए ।

तालिमको उदघाटन गर्दै वडा अध्यक्ष रायमाझीले व्यावसायिक रूपमा गाई भैंसी पालन तालिममा सिकेका कुराहरू व्यवहारमा उतारी दक्ष कृषक बनेर रोजगारी मुलक व्यवसाय सञ्चालन गर्न आग्रह गरे । अध्यक्ष रायमाझीले सीपमुलक तालिम अहिलेको आबश्यकता भएको बताउदै कृषित्रान्ति बिना नगरको आर्थिक उन्नति हुन नसक्ने बताए ।

जनप्रिय बहुप्राविधिक विद्यालयका प्रशिक्षक अनिल सापकोटाले प्रशिक्षण दिने तालिममा २० जना अगुवा पशुपालक कृषकको सहभागिता रहेको वडा नम्बर ३ का पशु प्राविधिक रूपेश कुमार मिश्रले जानकारी दिए ।

# तरकारी पकेट विकास कार्यक्रममा आवद्ध इन्द्रसरोवरका किसानहरूलाई सामाग्री वितरण

◆ विकास संवाददाता




मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाका किसानहरूका लागि पालिकाले कृषि पकेट क्षेत्रका लागि सहयोग गरेको छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना (सशर्त) कार्यक्रमबाट किसानहरूका लागि उत्पादन, यान्त्रिकरण र पूर्वाधार विकासमा सहयोग गरेको गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनीले जानकारी दिए । इन्द्रसरोवरको वडा नम्बर १ मा आर्थिक वर्ष २०७८/०७९ मा स्थापना भएको तर कारी बाली पकेट विकास कार्यक्रमको निरन्तरता स्वरूप सहयोग कार्यक्रम संचालन गरिएको हो ।

पकेट कार्यक्रम अन्तर्गत वडा नम्बर १ मा रहेको श्री गणेश कृषक समूहमा आवद्ध किसानहरूलाई सहयोग गरिएको हो । गाउँपालिकाका अध्यक्ष देवकृष्ण पुडासैनीको प्रमुख आतिथ्यमा भएको सहयोग हस्तान्तरण कार्यक्रममा समूहमा आवद्ध किसानहरूलाई कृषि उपज उत्पादन सामाग्री अन्तर्गत काउली, धनियालगायतको बिउ, मल्चिङ प्लाष्टिक, थोपा सिंचाइ तथा अन्य विषादीहरू समेत सहयोग गरिएको थियो। त्यस्तै कृषि यान्त्रिकरण अन्तर्गत मिनीटिलर, डिजिटल तराजु, रकेट पम्प र इलेक्ट्रोनिक्स स्प्रे वितरण गरिएको श्री गणेश कृषक समूहकी अध्यक्ष चिनी कुमारी थापा मगरले जानकारी दिइन् । पालिकाको सहयोगमा कृषि सम्बन्धी पूर्वाधार विकास सहयोगतर्फ प्लाष्टिक टनेल, इन्सेक्ट नेट, प्लाष्टिक पाइपलगायतका सामाग्रीहरू किसानहरूलाई वितरण गरिएको थियो। किसानहरूका लागि पकेट विकास कार्यक्रम अन्तर्गत पालिकाको ५ लाख ७५ हजार र किसानको तर्फबाट ६ लाख रूपियाँ साँझेदारी गरी कुल ११ लाख ७५ हजार रूपियाँको सहयोग सामाग्री वितरण भएको हो। किसानहरूले सहयोग पाएपछि खुशी व्यक्त गरेका छन् । उनीहरूले सहयोग पाएको सामाग्रीको उपयोग गरी आयआर्जनको स्तरवृद्धि हुने अपेक्षा गरेका छन् ।

श्री गणेश कृषक समूहकी अध्यक्ष चिनी कुमारी थापा मगरको सभाध्यक्षतामा भएको कार्यक्रममा पालिका उपाध्यक्ष उमा कुमारी लामाको विशेष आतिथ्यता रहेको थियो । कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत प्रलाद कार्की, वडा नम्बर १ का वडाध्यक्ष सुवास थापा मगर, १ नम्बर वडा सचिव सुरेश प्रसाद कोइराला, कृषि शाखा प्रमुख कुमार पौडेल, पशु शाखा प्रमुख नविन अधिकारी लगायतकाको आतिथ्यता रहेको थियो ।

# शंकास्पद मोटरसाइकलसहित दुई जनालाई जिल्ला अदालत चलान




◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकामा शंकास्पद रूपमा भेटिएका दुई मोटर साइकल सहित दुई जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ । थाहा नगर पालिकाको शिखरकोटबाट बज्रवाराही तर्फजादै गरेको प्र ३-०२-०१५ प ३८५६ नं. को २२० सिसि पल्सर मोटरसाइकल र बागमती प्रदेश ०२-०३८ प ५५९३ नं. को २०० सिसिको एनएस मोटरसाइकल प्रहरीले नियन्त्रणमा लिएको हो ।

मोटरसाइलमा सवार गरिरहेका मनहरी गाउँपालिका वडा नम्बर २ बस्ने बर्ष २० को शरण स्याङबो र मकवानपुर कै कैलाश गाउँपालिका वडा नम्बर १ बस्ने वर्ष २६ को विबेक मुक्तानलाई प्रहरीले बज्रवाराहीबाट नियन्त्रणमा लिएको हो ।

नियन्त्रणमा लिइएका दुवैजनासंग सवारीसाधनहरूको कागजपत्र नभएको लगायतका शंकास्पद भएकोले थप अनुशन्धानको लागि जिल्ला अदालतमा पठाइएको ईलाका प्रहरी कार्यालय पालुङले जनाएको छ ।







समयमै व्यक्तिगत घटना दर्ता गरौं।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
# विकास
www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक
कार्यालय: थाहा-४ सम्पर्क नं. ९८०७१५३३००
२०८० जेठ १५ गते सोमबार, 29 May, 2023, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७


## गाउँमा पुल बनेपछि किसानको दैनिकी फेरियो

◆ विकास संवाददाता

कुनैबेला खोलातर्न साँघुसमेत नहुँदा खेतबारीमा उम्रिएको तरकारी कुहाएर राख्न बाध्य मकवानपुरगढीको ६ नम्बर वडाका किसानको हालको दैनिकी फेरिएको छ । वडा कार्यालयसमेत रहेको ६ नम्बर वडाको डुम्रेकुनामा बाक्लो बस्ती छ । सामरी खोलासँगै रहेको डुम्रेकुनाबासीलाई विगतमा खोलातर्ने साँघु नहुँदा तरकारी हेटौंडा बजारसम्म ल्याउन मुस्किल थियो ।

मकवानपुरगढीको ६ नम्बर र २ नम्बर वडा जोड्ने सोल्टीमोडमा १४ करोड लागतमा पक्की पुल बनेपछि यस ठाउँको मुहान नै फेरिएको छ । डुम्रेकुनाबासीको हरेक वर्खामा हेटौंडासँग सम्पर्क टुट्ने गरेको थियो । पुल नहुँदा बर्खामा आउने बाढीले सदमुकामसँग सम्पर्क टुट्दा धेर समस्या व्यहोरोको स्थानीय राजेश चौलागाईं बताउँछन् । मकवानपुरगढी गाउँपालिकाको तीन वटा वडा जोड्ने पक्की पुल निर्माण भएपछि अवस्था फेरिएको उनले सुनाए । संघीय सर कारको १४ करोड रूपैयाँ लागतमा पुल निर्माण गरिएको हो । मकवानपुर गढी गाउँपालिकाको वडा नम्बर-६ डुम्रेकुना र वडा नम्बर-२ र ३ सोल्टीमोड जोड्नका लागि पुल निर्माण भएको छ । पुल निर्माण कार्य पूर्ण रूपमा सम्पन्न भएर सवारीसाधन नियमित सञ्चालन भइरहेको गाउँपालिका कार्यालयका योजना शाखा प्रमुख प्रकाश न्यौपानेले बताए ।

पुल बनेपछि वडाबासीलाई मात्र नभए सिंगै गाउँपालिकाबासीलाई आवतजावतमा सहज भएको मकवानपुरगढी गाउँपालिकाका निवर्तमान अध्यक्ष बिदुर हुमागाईंले बताए । हुमागाईंकै कार्यकालमा पुलको शिलान्यास गरिएको थियो । उनको पहलमा संघीय सरकारबाट आएको बजेटबाट पुल बनेको हो । मकवानपुरगढीलाई सामरी खोलाले दुई भागमा विभाजन गरेको छ । स्थानीय सरकार बन्नुअघि सामरी खोलामा एउटा साँघुसमेत थिएन् । पहिलो जनप्रतिनिधिका रूपमा हुमागाई आएपछि सामरी खोलामा हाल साना ठूला गरी एक दर्जन पुल निर्माण भएका छन् । हुमागाईकै कार्यकालमा बजेट बिनियोजन भएकोबाट ७ र ८ नम्बर वडामा पुल निर्माणको प्रक्रिया अघि बढेको छ । डुम्रेकुनामा पुल निर्माण भएपछि शहिद बासुदेव मार्ग र कान्तिलोकपथ सडक जोड्न सहज भएको निवर्तमान गाउँपालिका अध्यक्ष हुमागाईंले बताए ।

## इन्द्रसरोवर रेडक्रसको सभापतिमा फुर्वा निर्वाचित

◆ विकास संवाददाता

नेपाल रेडक्रस सोसाइटी उपशाखा इन्द्रसरोवरको सभापतिमा फुर्वा लामा निर्वाचित भएका छन् । उपशाखा इन्द्रसरोवरको सभापतिमा लामासहित सबै कार्यसमिति निर्विरोध निर्वाचित भएको निर्वाचन अधिकृत नारायण प्रसाद तिमल्सिनाले जानकारी दिए ।

रेडक्रस उपशाखा फाखेलको इन्द्रसरोर कार्यसमितिको १२ जेठमा भएको अभिवेशनले नयाँ नेतृत्व पाएको हो । उपशाखा फाखेल इन्द्रसरोवर कार्यसमितिको उपसभापतिमा दुर्गावती थोकर, सचिवमा कुमार बल, कोषाध्यक्षमा उमेश बस्नेत, उपसचिवमा मणीराज थापा, उपकोषाध्यक्षमा शिवराम पौडेल, मनोनित सदस्य रेशमकुमारी घिसिङ तथा सदस्यहरूमा पूर्ण बहादुर बल, विवस पाखिन, राजन कुमार ठकुरी र सिंह बहादुर मोक्तान निर्वाचित भएको निर्वाचन अधिकृत तिमल्सिनाले जानकारी दिए । नेपाल रेडक्रस सोसाइटी मकवानपुर शाखाका सभापति लाल बहादुर थापाको प्रमुख आतिथ्यतामा अधिवेशन भएको हो ।

## टिष्टुङमा शैक्षिक सामाग्री निर्माण तालिम

◆ विकास संवाददाता

सामाजिक विकास मन्त्रालयको शैक्षिक उपलब्धिमा आधारित प्रोत्साहन कार्यक्रम अन्तर्गतको ५ दिने शैक्षिक सामाग्री निर्माण तथा पठनसीप कार्यक्रम टिष्टुङमा शुरू भएको छ । थाहा नगरपालिका वडा नम्बर ११ को महांकाल आधारभूत विद्यालयमा शुरू भएको कार्यक्रमको ९ जेठमा एक समारोहकाबीच थाहा नगरपालिका वडा नम्बर ११ का वडाध्यक्ष दिनेश तामाङले उद्घाटन गरे ।

महांकाल आधारभूत विद्यालयका १० जना शिक्षकको सहभागीता रहेको तालिमका सहभागीहरूलाई सिकाइ समूह काठमाण्डौंका सुदर्शन घिमिरे र शान्त दाहालले सहजीकरण गरिरहेका छन् । विद्यालयको शैक्षिक उपलब्धी वृद्धि गर्नका लागि रचनात्मक शिक्षण गर्ने र सामाग्रीको प्रयोग सहितको शिक्षण विधि सिकाउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको प्रधानाध्यापक सचिन कुमार बलले जानकारी दिए ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जित बहादुर गोलेको सभाध्यक्षताम भएको उद्घाटन कार्यक्रममा थाहानगर शिक्षा शाखा प्रमुख माधब बिक्रम मल्ललगायतकाको आतिथ्यता रहेको थियो ।

## टोल विकास संस्था गठन

◆ विकास संवाददाता

थाहा नगरपालिकाको तीन भिन्दाभिन्दै क्षेत्रलाई समेटेर टोल विकास संस्था गठन गरिएको छ । नगरको दामन, सिमभनज्याङ र नारायणझ्याउलाई समेटेर टोल विकास संस्था गठन गरिएको वडाध्यक्ष नारायण लामाले जानकारी दिए ।

थाहानगरको ४ नम्बर वडाध्यक्ष नारायण लामाको विशेष उपस्थितीमा भएको टोल भेलाले दावा शेर्पाको अध्यक्षतामा टोल विकास समिति गठन भएको हो । शेर्पा निर्विरोध निर्वाचत भएका हुन् । समिति ११ सदस्यीय रहेको छ । टोल भेलामा नवनिर्वाचित शेर्पाले सबैलाई धन्यवाद दिदै आम जनसमुदायको साझा उद्देश्यहरू अनुसार काम गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् ।

थाहा नगरपालिकाको सार्वजनिक सूचना।

➢ नयाँ निजि तथा सार्वजनिक भवनहरु निर्माण गर्नु अगाडि अनिवार्य रुपमा पालिकाको कार्यालयमा गई नक्सा पास गरौं ।
➢ भवन मापदण्डको पालना गरौं, सुरक्षित भविष्य सुनिश्चित गरौं।
➢ घटना घटेको ३५ दिन भित्रमा नि:शुल्क रुपमा व्यक्तिगत घटना दर्ता गरौं ।
➢ समयमा नै कर तिरौं, नागरिक कर्तव्यको परिपालना गरौं ।
➢ सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आ-आफ्नो वडा कार्यालयमा गई नाम दर्ता र विवरण अद्यावधिक गरौं ।
➢ बाल विवाह अन्त्य गरौं, बाल श्रम निर्मुल गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिका कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

लोकतन्त्रको उपलब्धीको रक्षा गरौं ।

– विधिको शासन
– नागरिक स्वतन्त्रताको संरक्षण
– सूचनाको हक
– संवैधानिक सरकार
– आवधिक निर्वाचन
– समावेशी सहभागिताको सुनिश्चितता
– बालिग मताधिकार
– अभिव्यक्ति स्वतन्त्रता
– न्यायिक स्वतन्त्रता

यी लोकतन्त्रका विशेषता हुन्, यिनको अवलम्बन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




थाहा नगरपालिका

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी